कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक १९ | ने. सं. ११३२ थिंलाथ्व द्वादशी बुधवा: | २०६८ मसिर २१ गते बुधवार (Dec-7, 2011) | मुल्य : ५/- (न्यातका)

कीर्तिपुरमा सुरक्षाको दृष्टिकोणवाट चुनौति

सडक र लागू औषध: *प्रहरी निरिक्षक महत्तो*

कीर्तिपुर सन्देश /

करिव दुई हप्ता अगाडि मात्र महानगरिय प्रहरी प्रभाग कीर्तिपुरमा आएका प्रहरी निरिक्षक ज्ञानकुमार महत्तोले कीर्तिपुर मा सुरक्षाको दृष्टिकोणवाट हेर्दा सडक र लागू औषधको चुनौति रहेको वताउनु भएको छ ।

कीर्तिपुर सन्देश साप्ताहिकसंग कुरा गर्दै कीर्तिपुर प्रहरी कार्यालयका प्रमुख प्रहरी निरिक्षक (इन्सपेक्टर) महत्तोले सो कुरा बताउनु भएको हो । उहाँले सवारी साधन चलाउँदा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, मोटरसाइकलमा तीन जना आउने, हेल्मेट नलगाउने, सार्वजनिक यातायातमा क्षमता भन्दा बढि यात्रुहरू बोक्ने, ढोका नै बन्द नगर्ने लगायतका समस्या चुनौतिको रुपमा रहेको वताउँदै उहाँले भन्नु भयो 'दुर्घटना भयो भने राम्रो हुँदैन । समयमै यसको बारेमा ध्यान दिनुपर्ने र आफूले प्राथमिकता दिएको छु ।

त्यसैले आकस्मीक चेकिङको व्यवस्था गरेको छु ।' कीर्तिपुर मा अर्को समस्या भनेको त्रिभुवन विश्व विद्यालयमा आफूले पाएको समेत उहाँले वताउनु भएको छ । त्रिविमा राजनीतिक पार्टीका संगठनहरू रहेको र दैनिक जस्तो त्रिविमा ध्यान दिनु परिरहेको अवस्था छ भनी प्रहरी निरिक्षक महत्तोले वताउनु भएको छ । सुरक्षाको विषयमा सडकवाटै सुरु गर्नुपर्छ भन्नु हुने प्रहरी निरिक्षक महत्तोले लागू औषध सेवन गर्नेहरूको पनि समस्या कीर्तिपुरमा पाएको र ती समस्याहरू समाधान गर्न लागि परेको बताउँदै कीर्तिपुरवासीले आफूलाई सहयोग गर्दै आएको समेत वताउनु भयो । उहाँले आफू कीर्तिपुरमा आएपछि सुरक्षाको दृष्टिकोणवाट पैदल गस्ती २४ सै घण्टामा राखेको र चोभार, ट्याङलाफाँट र प्रहरी कार्यालयमा आकस्मिक प्रहरी सेवा (सिआर भी क्वीक रेसपोन्स भेकल्स)को व्यवस्था गरेको बताउनु भयो । साथै मोवाइल गस्तिलाई सक्रिय बनाएको समेत दावी गर्नु भएको छ ।

कुराकानीकै क्रममा उहाँले कीर्तिपुर आउनु भन्दा अगाडि कीर्तिपुर वासीले सुरक्षा निकायलाई सहायोग गर्दैन भन्ने कुरा सुनेको तर कीर्तिपुर मा आएपछि कीर्तिपुरवासीले अत्यन्तै सहयोग गरेको साथै राजनीतिक दलका नेताहरूले पनि दवाव नदिएको मात्र नभई सहयोग समेत पाएको वताउनु भएको छ । महानगरिय प्रहरी प्रभाग कीर्तिपुरका प्रमुख प्रहरी निरिक्षक ज्ञानकुमार महत्तोले भन्नुभयो 'प्रहरी देश र जनताको लागि हो । जनताका लागि नै प्रहरी भएको कारणले जनताले प्रहरीलाई सहयोग गर्नुपर्छ । सुरक्षाका लागि सुन्दर शहर चाहिन्छ । सुन्दर शहरका लागि सुन्दर सडक चाहिन्छ । त्यसैले म सडकलाई नै पहिलो प्राथमिका दिदै आएको छु । अव कीर्तिपुरवासीले प्रहरीलाई सहयोग गर्नुपर्छ । यहि अनुरोध छ कीर्तिपुरवासीलाई ।'



महानगरिय प्रहरी प्रभाग कीर्तिपुरका प्रमुख प्रहरी निरिक्षक ज्ञानकुमार महत्तो । जन्मः २०४१ असोज ६ गते गौरीशंकर गाविस ७, सर्लाही । २०६४ सालमा प्रहरी निरिक्षकमा भर्ना । पहिलो पोस्टिङ दंगा नियन्त्रण प्रहरी गण कपन, जिप्रका सिन्धुली, महानगरिय ट्राफिक प्रहरी महाशाखा रामशाहपथवाट कीर्तिपुरमा सरुवा भई आउनु भएको ।

ज्वःज्वः लपा क्याटरिङ एण्ड रेण्टल सर्भिस

कीर्तिपुर, नयाँबजार (ओरालो)

नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस् ।

साथै मेच, पाल, कुक, जेनेरेटर चाहिएमा सम्पर्क गर्नुहोला ।

Buffet Dinners Luncheons, B.B.Q.S etc

हरि कुमार महर्जन

(Mobile 9741129926, 9849739373, 4333559

Opening Soon

?

9848555555

कीर्तिपुर सन्देश मित्र

पाँगामा नायः थकाली वनाएर समयबजि खाने संस्कृति ३ पेज



गत सोमवारदेखि लागू भएको लाडसेडिङको तालिका पेज ७

चम्पादेवी हाइकिंग मंसिर २८ गते हुने पेज ८

Asian International college

Kirtipur-17, Nayabazar, Tel:4335713, E-mail: aic.college@gmail.com

Admission Open



100% passed out with 60% 1st Division



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

;Dkfbs:o

आयोगको नाममा फेरी षड्यन्त्रको प्रयास

प्रमुख तीन राजनीतिक दल र मधेसी मोर्चाका शीर्ष नेताहरुको सहमतिमा गठन गरेको राज्य पुनर्संरचना अयोगको माध्यमवाट फेरी षडयन्त्रको सुरूवाट गरेको छ ।

हालसालै मात्र २ महिनाका लागि भनेर गठन गरेको आयोगमा पहिलो चरणमा एकीकृत माओवादी, नेपाली कांग्रेस, एमाले र मधेसी मोर्चाले क्रमशः आठ जना विज्ञहरु मल्ल के सुन्दर, स्टेला तामाङ, डा. रमेश ढुंगेल, डा. सावित्री गुरूङ, डा. सर्वराज खड्का, भोगेन्द्र झा, प्रा. कृष्ण हाछेथु र सुरेन्द्र महत्तोलाई सिफारिस गरेको थियो । कुनै पनि अध्यक्ष वा संयोजन नबनाई आठै जनालाई सदस्यको रूपमा नियुक्ति गरेको थियो ।

सो समितिको दुई चरण बैठक बसेपछि ती सदस्यहरु मध्ये पहिचानको आधारमा राज्यको पुनर्संरचना अर्थात राज्य द्वारा बहिस्करणमा पारिएका समुदायको माग अनुसार, संविधानसभाको राज्य पुनर्संरचना तथा राज्य शक्ति बाँडफाँट समितिको प्रस्तावलाई आधार मानी राज्य पुनर्संरचना गर्ने पक्षमा बहुमत देखिएको थियो । पहिचानलाई प्राथमिकता र सामर्थ्यतालाई सहयोगीको रूपमा मात्र लिनु पर्ने भनी प्रा. हाछेथु, मल्ल के सुन्दर, स्तेला तामाङ, सुरेन्द्र महत्तो र भोगेन्द्र झा एकै ठाउमा उभिएपछि भौगोलिक आधार अर्थात सामर्थ्यतालाई पहिलो प्राथमिकता दिनुपर्छ भन्ने डा. ढुंगेल, डा. गुरूङ र डा. खड्का अल्पमतमा परेको थियो । यो विचमा फेरी दलितको तर्फबाट भनी प्रमुख दलका शीर्ष नेताहरुवीच सहमति भयो र डा. मदन परियारलाई आयोगमा राखियो । उहाँ आदिवासी जनजातिको माग अनुसार पहिचानलाई पहिलो प्राथमिकतामा राखी राज्यको पुनर्संरचना गर्न नहुने कुरा सार्वजनिक रूपमा राख्दै आउनु भएका व्यक्तित्व हुन । राज्य पुनर्संरचना आयोगको संयोजकको भूमिका ठूलो हुने र पहिचानलाई पहिलो प्राथमिकता दिनुपर्छ भन्नेहरुको बहुमत भएका कारण त्यसलाई अल्पमतमा पार्न डा. परियारलाई संयोजकको रूपमा नियुक्ति गरेको अनुमान गर्न सकिन्छ । यति मात्रै भएन अव फेरी मुस्लिम समुदायको तर्फवाट अर्को एकजना आयोगमा सदस्य बनाउने कुरामा शीर्ष नेताहरु सहमति भएका छन् । यदि मुस्लिम समुदायको तर्फवाट पनि पहिचानलाई अस्वीकार गर्ने व्यक्ति ल्याइएमा आयोगमा पहिचानलाई प्राथमिकता दिने र सामर्थ्यतालाई प्राथमिकता दिने अर्थात राज्य पुनर्संरचना समितिको प्रस्तावलाई अस्वीकार गर्नेहरुवीच बराबरी मत हुनेछ । र संयोजकको निर्णाय भूमिका हुने अवस्थामा राज्य पुनर्संरचना समितिको प्रस्तावलाई असफल बनाउने पक्षधरहरुले भूमिका खेल्ने अवस्था आउने संभावना रहेको छ । त्यसैले पछिल्लो समयमा अयोगको नाममा फेरी पनि षडयन्त्र सुरू भएको आभाष हुन आउछ । यो विषयमा सरोकारवालाहरुले समयमै ध्यान दिनुपर्ने अवस्था छ ।

कीर्तिपुर बिकासमा देखा परेका बिसंगतिहरू



रमेश कुमार महर्जन 'कीर्तिपुरे'

काठमाण्डौं जिल्ला, कीर्तिपुर नगर पालिका अन्तर्गतका बिकास निर्माण र सुशासनको कुरा गर्ने हो भने बिगतका केही दृश्य परिदृश्यको पर्दा पछाडि जानु नै सान्दर्भिक होला । अगाडिका घटनाक्रमलाई सिंहावलोकन गर्ने हो भने नगरपालिका हुनु अगाडि ७ वटा गाउँ बिकास समितिमा बांडिएका थिए । त्यसबेला बजेटको तर्जुमा गर्दा प्रत्येक वडावडा टोलटोलमा भेला गर र आम जनताको जनआकाक्षां अनुरुप वजेट तर्जुमा गर्नुको सट्टा अधिकाश पन्चेहरूको एकाधिकार दवदवा अन्तर्गत बिकास रोटीका टुक्रा जस्तै छरिएका हुन्थे । हाल न.पा. अन्तर्गत १९ वडामा बांडिएको छ। त्यसभित्र केही कीर्तिपुर बजार क्षेत्र बाहिरका गाउँहरूमा बिगतमा झै आधारभूत संरचना बिहिन अवस्थाबाट निरन्तर गुज्रिरहेको कसैको सामू छिपेको छैन । बिकास निर्माणको कुरा गर्‍यो कि कि.न.पा. भनेको कीर्तिपुर, नगाउँ, र पाँगाको मात्र बिकास हुन् भन्ने उक्ति जस्तै भईसक्यो। अझ त्यसमाथि नगरपालिकाको कार्यशैली हेर्दा लाग्छ, बिकास वस्तु भन्ने निरपेक्ष रुपमा हुनै नसक्ने हो कि भन्ने पनि आभास हुन्छ । हालका दिनहरूमा नगर पालिका जिम्मेवारी के हो भन्ने कुरा स्वंय नगरपालिकाका कार्यकारी प्रमुख तथा कर्मचार ीहरूलाई समेत थाहा नभएको प्रतित हुन्छ । नभए नगरपालिकाले आफ्नो १९ वडाका क्षेत्रभित्र के के भईराखेको छ, यदि कसैले प्रचलित कानूनको बर्खिलाफ घर, तहरा, पर्खाल निर्माण, तथा सार्वजनिक जग्गाहरूको क्रमिक रुपमा मिचिसकेको, मिच्ने प्रयास भएको देखिएतापनि लाटोकोसेरोले जस्तै आँखा चिम्म पारिरहेको परिदृष्य अव कसैको सामु छिपेको छैन । यो पक्तिकारले की.न.पा.भित्र सार्वजनिक जग्गाजमिनहरू बिभिन्न व्यक्ति तथा संस्थाहरूले हडपेको विरुद्ध निरन्तर कडारुपमा प्रस्तुत भै सवै प्रकारका सार्वजनिक जग्गाहरू नेपाल सर कार, अन्तर्गत किनपाको हुनु पर्दछ भनि आवाज उठाईरहेको कसैसामु लुकेको छैन । कुनै ठाउँमा सार्वजनिक जग्गा हडप्न लागेको, अथवा नक्सा पास नगरी घर बनाईराखेको थाहा पाउनासाथ न.पा.लाई सूचना दिदां, त्यसको तदारुकताका साथ कार्यारम्भ गर्नुको साटो न.पा.का केही कर्मचारीहरूले फलानो फलानो व्यक्तिले रिपोर्ट गरे अनुसार तपाईले न.पा.को नियम कानून मिचि काम गरेको छ रे के हो ?, भनि फास्ल्याङ्ग फुस्लुङ्ग पारी पछि कुनै कार्य समेत अघि नवढाई नक्सा समेत पास भईरहेको यद्यपि कायम नै रहेको देखिन्छ।

वडा न.. १७ अन्तर्गत बागवानी केन्द्रको अगाडि, बागमती किनारमा रहेको करीव २५ रोपनी जग्गा सुलक्षण कीर्ति विहारले आफ्नो नाममा भोगाधिकार लिएर त्यस क्षेत्र भित्रका खोलानाला घाट, सावर्जनिक पाटी समेत मिचि घरटहरा निर्माण गरी थप जग्गा समेत हडप्दा पनि की.न.पा.ले कुनै कदम नचालि टुलुटुलु हेरेर वस्छ । कसैले बिरोध गरेमा हामी (नगरपालिका) ले भूमिसुधार मन्त्रालयमा गई उक्त संस्थाको फाईल फिर्ता ल्याउँछौं भनि फोस्रा आस्वासन र सूचनापत्र ठम्याउने काम बाहेक सिन्को समेत भांचेको देखिदैन । कीर्तिपुर नगर पालिका क्षेत्र भित्रका कृयाशिल राजनैतिक दलका सर्वदलिय समितिका नेताहरूको पनि यस मुद्दामा ठूलो भूमिका रहेकोमा कसैले नकार्न सक्दैनन् तर यस्ता जनसरोकारका बिषयहरूमा समेत स्थानीय नेताहरू पक्षबिपक्षमा लागि खुट्टा तानातान गर्न मै व्यस्त छन्, यसले न ऊनीहरूको व्यक्तिगत फाईदा हुंछ न राजनैतिक नै, खालि हुन्छ जतातै घाटैघाटा। हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी सार्वजनिक जग्गा बिभिन्न संस्थाहरूलाई ५४ साल यता भोगाधिकार दिएतापनि अनुगमन गरेर भोगाधिकार दिइएका जग्गाको उपयुक्त प्रयोजन नभएका जग्गाहरू सरकारले फिर्ता लिन सरकारलाई निर्देशन दिईसकेको सन्दर्भमा उपरोक्त जग्गा फिर्ताको लागि हाम्रो नगरपालिकाबाट तत्काल पहल हुनु जरुरी छ।

केहि वर्ष यता नगरपालिकाले हरेक आ.व.को वजेट बिनियोजन पूर्व वडा वडामा गई जनआकांक्षा अनुरुप बिकास निर्माणका सूचीहरू त तयार गरेको देखिन्छ, तर बजेट निर्माणको समयमा प्राथमिकता अनुसार राखेको पाईन्न। जव बजेटको अन्तिम सूची तयार गर्ने बेलामा स्थानीय राजनैतिक दलका सर्वदलिय समितिका प्रतिनिधीहरूको पार्टीगत स्वार्थको भागबण्डा अनुसार नै टुङ्ग्याएको देखिन्छ। अझ अन्तर दलिय प्रतिनिधिहरू बीचमा पनि बिकास सम्बन्धी सांझा अवधारणा बनाउन सकेको देखिदैन । एउटा दलले राम्रो काम गर्न खोजे अर्को दलले सहकार्य गरी काम अघि बढाउनु त परै जाओस् विभिन्न काल्पनिक कुराहरू गरी त्यस कामलाई हरतरहले तुहाउन खोज्ने वादंर प्रवृतिको महारोग हालसम्म निरुपण भएको देखिदैन। नगरपालिका भित्र बिकासका मिठो शव्दसंग जोडिएर आउने अर्को बिषय हुन ठेक्कापट्टा। जसोतसो बिकासका वार्षिक बजेट त बाडफांट हुन्छन्, तर कार्यान्वयन गर्ने समयमा भने अझ जटिलता पैदा हुन्छ । स्थानीय वडावासीहरूले कुनै सानातिना बिकास निर्माणका काम गर्न अघिसरे दुख र झमेलाको पहिरो नै शुरु हुन्छ। समितिमा यतिजना महिना पुरुष, अनुगमन समिति, यस्तो यस्तो व्यक्ति हुन्न, यस्तो यस्तो व्यक्ति हुन्छ समितिमा, लागत सहभागिता, लागत ईष्टिमेट नमिलेको, कन्टिन्जेन्सी, बिल भरपाई नमिलेको, अझ अन्तिम किस्ता लिने जसलाई फरफारक भन्ने गरिन्छ, त्यतिबेला त वाफरे वाफ महाभारत लडेको भन्दा गाह्रो हुँदोरहेछ। त्यसको सट्टामा नगर स्तरिय वजेट शिर्षकको नाम लिनासाथ आहा मनै सन्चो हुन्छ । एक त स्थानीय जनताहरूले एक डल्ला माटो पनि छुनु नपर्ने अर्को काम छितोछितो तमाम हुनु गुणस्तरिय काम होस् कि नहोस्। जनतालाई पनि बिना झन्झट काम फटाफट हुनु भलै ठेकेदारी प्रथाको नियमानुसार गुणस्तरहिन चट्टान नामक सिमेण्ट नै प्रयोग गरेर भएपनि निर्माण सम्पन्न गरेका ढलानका बाटो किन नहोस् काम त भयो नि । अर्को बर्ष फेरी मर्मत खर्च शिर्षकमा बजेट बिनियोजन पनि त गर्नु पर्‍यो नि होईन र ?

अव नगरपालिका दायित्व के त भन्दा न.पा स्वयंको पहलमा निष्पक्ष एवं निर्भिकपूर्वक आफ्ना योग्य कर्मचारी तथा बाहिरवाट समेत कुशल जनशक्ति परिचालन गरेर आफ्नो क्षेत्रभित्र के कति सार्वजनिक जग्गाहरू छन्, ककसले के कति जग्गाहरू हडपिरहेका छन्, प्रचलित कानून अनुसार नक्सा पास नगरी बनाएका घर तहराहरू के कति छन् त्यसको पुर्णरुपमा नक्सा तथ्याङ्कहरू संकलन गरी सार्वजनिक जग्गा मिच्ने, नक्सा पास नगरी घर तहराहरू बनाउनेहरूलाई कानुनको दायरामा ल्याउने नमानेमा नगरपालिकाको सूचना पाटीमा सबैले देख्नेगरी तीनपुस्ते कालोसूचीमा दर्ता गरी त्यस्ता कुरा नसचिएसम्म त्यस्ता व्यक्तिका सन्तान दरसन्तानहरूलाई नगर पालिकाको कुनैपनि सिफारिश दिने कार्यमा पूर्णरुपमा बन्देज लगाएमा केही मात्रामा भएपनि नगरपालिका भित्रका यस्ता कुकामहरू भविष्यमा अरुले गर्न आँट गर्न सक्नेछैन् । बिकास निर्माणका कामहरू बिकेन्द्रीकरणको आधारमा निरीक्षण पश्चात नगरपालिकाको अहम भूमिकालाई मनन गरी वजेट छुट्टाउनु पर्दछ, न कि दलगत स्वार्थ अनुरुप भागबण्डाको रुपमा। सकेसम्म बिकास निर्माणका कार्य स्थानिय जनतालाई नै अग्रसर गराउनु पर्दछ, त्यसले जनताहरू पनि आफ्नो बिकासमा प्रत्यक्ष संलग्न हुन पाउंदछ, बरु के के बिषयवस्तुहरूमा कठिनाई उत्पन्न भएका छन् त्यसको सरलीकरण गर्दा नै उपयुक्त देखिन्छ । कुनै ठूला बिकासका योजनाहरू ठेकेदारहरू मार्फत नै गराउंन परेमा गुणस्तरका सामान प्रयोग गरेर मात्र काम हस्तान्तरण गर्नु पर्दछ। र यी दुवै खाले योजनाहरूको चुष्ट दुरुष्ट रुपमा गुणस्तर अनुसारको काम भएको छ कि छैन ख्याल गरी उच्चस्तरीय अनुगमन समिति मार्फत मात्र काम सम्पन्न गर्दा र म्रो हुन्छ।

कीर्तिपुरमा बाटोघाटोको नाजुक अवस्था

मणि कुमार तामाङ, कीर्तिपुर

ऐतिहासिक नगर कीर्तिपुर, नेपालको एकमात्र प्रसिद्ध त्रिभुवन विश्वविद्यालय भएको ठाउँ जसले हजारौ बौद्धिक वर्गको उत्पादन गरे, देश हाँक्ने नेताहरू पैदा गरे। आज त्यही ऐतिहासिक नगर, नेपालको मुटु, राजधानीसंगै भएपनि अवहेलित र तिरस्कृत सरह भएको छ । आज यस नगरको बाटोघाटो जहीतही खाल्डा खुल्डी र धुलैधुलोले भरिपूर्ण छ। झन नगाउँ-भत्केपाटी बाटोलाई हेर्दा लाग्छ, कुनै सोह्रौ शताब्दीको बाटोमा हिडिरहेछु। यही बाटो भएर सयौ मानिसहरू कार्यलय, विश्वविद्यालय, विद्यालय आदि धाउँछन्। ति मनिसहरूले दिनहुँ कति धुलो खान्छन्, सजिलै अनुमान लगाउन सकिन्छ। त्यही बाटो छेउको घर हरूको अवस्था पनि धुलोले पुरिएर सेताम्मे छ। यति हुँदाहुँदै पनि कसैलाई पर्वाह छैन्, दिनचर्या चलिरहेकै छ।

हुन त देखाउने दाँत भने झै हरेक वर्ष नगरपालिकाले वर्खे झरीमा हतार हतार बाटो पिच गर्ने कार्य गर्छ, तर दुई महिना नबित्दै त्यो भत्किएर पहिलेकै अवस्थामा आउँछ। मेरो अनुभवमा एकपल्ट पिच गरि एपछि, कम्तिमा पनि दुईदेखि तीन वर्षसम्म त्यसले थेक्न सक्छ। तर हाम्रो बाटो मर्मत गर्ने निकायले दिगो विकास भन्ने पाठ शायद आफ्नो जीवनमा कहिल्यै नपढेको हुनुपर्छ । कीर्तिपुरलाई पर्यटकीय स्थल बनाउँछौ भन्दै भाषण छाँट्ने नेताहरू पनि यहाँ प्रसस्तै भेटिन्छन्। तर जब बजेटलाई सदुपयोग गर्ने बेला आउँछ, नेताहरू आपसमा भागवंण्डा लगाएर बजेट कुमल्याउँछन्। जबसम्म यी अगुवाहरूले आफ्नो निहित स्वार्थलाई त्यागी आफ्नो स्थानको विकासको लागि चिन्तन र दर्शन बोक्दैन, हाम्रो अवस्था सधै यथास्थानमा हुनेछ । मलाई लाग्छ कीर्तिपुर नगरको विकासलाई अघि बढाउने जिम्मा धेरै हदसम्म नगरपालिकाको हो। तैपनि त्याहाँ कार्यरत ठूला कर्मचारीहरू स्थानीय नभएर हो कि, कीर्तिपुर नगरको विकासको लागि खासै चासो नलिएको कुरा हामी जस्ता साधरण जनमानसमा पनि प्रस्ट हुन्छ।

कीर्तिपुर नगरको विकास केवल नगर पालिकाको मात्र होइन, यसको विकास सबै कीर्तिपुर नगरवासीको हो । यसमा सबैको आपसी सहयोग र हातेमालोको खाँचो छ। यहाँका बुद्धिजीवीवर्ग र कर्मचारीहरू केवल आफ्नो कार्यलय धाउने काम मात्र होइन, यहाँको विकासको निम्ति अग्रज भूमिका खेल्नु पर्ने आवश्यकता देखिन्छ। यस कार्यमा विद्यार्थीवर्ग, व्यपारी र स्थानीयवासीहरूले पनि साथ दिनै पर्ने हुन्छ । जहाँ इच्छा त्याहाँ उपाय भने झै असंभव केही छैन । कीर्तिपुर नगरका बाटोघाटो राम्रा, फराकिलो, सफा-सुग्घर हुनै पर्छ । यहाँका बाटोको दुर्वैतिर विजुली बत्तीको व्वस्था नगरपालिकाले गर्नै पर्छ। अनि मात्र कीर्तिपुर साँच्चै एउटा सुन्दर र ऐतिहासिक नगरको रूपमा चिनिने छ। सबैमा नयाँ सोच र चिन्तन आए यस कार्यमा सजिलै सफलता प्राप्त गर्न सकिन्छ । स्थानीय स्तरदेखि माथिल्लो स्तरसम्म दबाव सृजना गरेर कीर्तिपुरको बाटोघाटोलाई तुरन्त पिच गरिनु पर्छ।

पाँगामा नाय: थकाली वनाएर समयबजि खाने संस्कृति

सात गाउँले जात्राको क्रममा पाँगाको दिख्य:मा रहेको बालकुमारी मन्दिर परिसरमा थिंलाथ्व सप्तमिको बेलुका मन्द: म्ये (राँगा) बलि दिने चलन रहिआएको छ। चार दिन पहिले नै पाँगाका गुथिका नाईके र थकालि मिलेर कहिं घाउ खत नभएको राँगा छानेर गुथिमा राखिराख्छ। त्यही राँगालाई सप्तमिको बेलुका दिख्य:मा रहेको बालकुमारीको मन्दपमा राखेर बलि दिइन्छ। त्यसैले त्यो राँगा बलि दिनेलाई मन्द: म्ये स्याय्गु भनिन्छ। जिउँदै राँगाको रगत थापेर बालकुमारी मन्दिर परिसरमा रहेका गणदेवताहरूलाई चढाइन्छ। जसमा गंगाको मूर्तिलाई सेतो कपडाले छोपेको हुन्छ। त्यसपछि राँगाको कलेजो झिकेर एउटा घैंटोमा राखिन्छ। जसलाई हिक्वं अर्थात रगतको घ्याम्पो भनिन्छ। त्यस्तै थ्वक्वं (जाँडको घ्याम्पो) पनि राखेर बालकुमारीको पूजा गरिन्छ।

त्यो पूजा सकिएपछि राँगाको मासु भाग राख्छ। जसलाई चार भाग लगाउँछ। दुई भाग त:गुथिले लैजान्छ। एक भाग राँगा काट्ने नाय: (खड्गी) गुथिलाई दिइन्छ भने बाँकि एक भाग सिकुछेँ गुथि र पुखुसी गुथिलाई आधा आधा बाँडिन्छ। मासु भाग लगाउन सकिएपछि त:गुथिबाट ल्याएको समयबजि ख्वाउने चलन छ। त्यो समयबजि खाँदा नाय: गुथिको थकालिलाई सबभन्दा माथि अर्थात थकालि बनाएर त:गुथिका थकालि न्वकू भएर समयबजि खाने चलन छ। नाय: गुथिका त्यहाँ उपस्थित सबैलाई समयबजि ख्वाइसकेपछि मात्र त:गुथिका गुथियारहरूले छ्वय्ला भू गर्ने चलन रहि आएको छ। जुन अद्यापि चलिरहेको छ।

कीर्तिपुरको ब:खु विष्णुदेवीमा प्व: अर्थात् देउलालाई थकालि बनाएर भोज ख्वाउने चलन छ भने पाँगामा नाय: अर्थात खड्गी जातिलाई थकालि बनाएर समयबजि खाने चलन रहेको छ। यसबाट नेवार हरूमा जातिय विभेद छैन भन्ने एउटा ज्वलन्त प्रमाण हो। सामन्ति संस्कृति हावि भएर कहिं कतै विभेद आएको हुन सक्छ।

मन्द: म्ये बलिदिने चलनको पनि एउटा किंवदन्ति रहेको छ। पहिले पाँगा दिख्य:को बालकुमारी परिसरमा मसान थियो। एक समय पाँगामा दिन दहादै मानिसहरू गायब हुन थालेछ। यो कसरी भयो भनेर ज्योतिषीलाई देखाउँदा बालकुमारीको वरिपरि रहेका गणहरूले जिउँदो मान्छेको रगत पिउने गरेको थाहा पाए। अनि क्षमा पूजा गरेर वर्षको एकदिन सप्तमिको दिन जिउँदो राँगाको तातो रगत ख्वाउने कबुल गरेर यो मन्द: म्ये बलिदिन थालेपछि मान्छे हराउन बन्द भयो। त्यसबेलादेखि अहिलेसम्म थिंलाथ्व सप्तमिको दिन मन्द: म्ये बलिदिने परंम्परा रहिआएको भन्ने किंवदन्ति छ। अहिले दिख्य:मा घना: बस्ति भैसकेको छ। त्यहाँ मसान त रहेन। तर त्यो मसान रहेको ठाउँमै राखेर मासु भाग लगाउने चलन रहि आएको छ।

मन्द: म्येको बलिदिने काम समाप्त भएपछि पाँगा लाछिमा राखिएको बालकुमारीको मूर्तिलाई एउटा खटमा राखेर जात्रा गरि दिख्य:मा रहेको बालकुमारी मन्दिर बाट पूर्वतिरको भागमा खट राखेर पूजापाठ गरिन्छ।

अष्टमीको राती त्यस खटालई उठाएर धोकासीस्थित देचपा:मा राखेर नवमिको दिन पूजा गरी जात्रा गरेर विष्णुदेवी र बालकुमारीको खट गाउँ घुमाइन्छ।





हार्दिक बधाई तथा शुभकामना



राज्यमन्त्री दिलिप महर्जन

कीर्तिपुरको गौरवमय इतिहास कायम गर्दै **पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री**मा कीर्तिपुर पाँगाका **श्री दिलीप महर्जन** नियुक्त हुनु भएकोमा हार्दिक बधाई एवं कार्यकाल पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं।



उपकुलपति प्रा. डा. हिराबहादुर महर्जन

कीर्तिपुरको गौरवमय इतिहास कायम गर्दै त्रिभुवन विश्वविद्यालयको **उपकुलपति Vice Cjancellor (VC)** मा कीर्तिपुरका **प्रा.डा. हिरावहादुर महर्जन** नियुक्ति हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै वहाँको कार्यकालको पूर्णरुपमा सफल होस भनी हार्दिक शुभकामना व्यक्त गर्दछौं।

कार्यकारी अधिकृत

कीर्तिपुर नगरपालिका परिवार

कीर्तिपुर

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा ——— नेपाली भाषा

जि रमेशया पाखा खः–
म रमेशको साथी हुँ।
जि थन वयागु लच्छि दत
- म यहाँ आएको एक
महिना भयो।
गन च्वनादिया ?
– कहाँ बस्नुहुन्छ ?
जि होटलय् च्वनाच्वना
–म होटलमा बसिरहेको छु
ग्वन्हु तक च्वना दी ? –
कति दिनसम्म बस्नुहुन्छ ?
जि लिमलाः –
मलाई फूर्सत छैन।
जि पोखरा वनेत्यना –
म पोखरा जाँदै छु।
गथे याना वनेगु ? –
कसरी जाँदै हुनुहुन्छ ?
जि बसं वनेत्यना –
म बसबाट जाँदै छु।
जित नयापित्यात –
मलाई भोक लाग्यो।
च्या त्वने यः ला ? –
चिया पिउनु हुन्छ ?

जितः तसकं त्यान्हुल –
म धेरै थाकें।
जितः लय्ताः वः -
मलाई खुशी लागेको छ।
जि ला निराश जुल –
म त निराश भएँ।
जिं यायेमफु –
म यो गर्न सक्दिन।
उपिं तंचायाच्वंगु दु –
उनीहरू रिसाइरहेका छन।
छित थन आराम दु ला ? –
तपाईलाई यहाँ आराम छ ?
जित तस्सकं आनन्द दु।
मलाई धेरै आनन्द छ।
छि नेवाः भाय् सः ला ?–
तपाई नेवारभाषा बुझ्नुहुन्छ ?
अँ, सः
अँ, जान्दछु।
नेवाःभाषं ब्वने नं फु ला ?–
नेवारभाषाबाट पढ्न पनि
सक्नुहुन्छ ?
अहँ, जि ब्वने मफु।
अहँ, म पढ्न सक्दिन।

इन्द्रायणी क्लबको रक्तदान कार्यक्रम सम्पन्न

गत मंसिर १८ गते इन्द्रायणी जात्राको पावन अवसरमा इन्द्रायणी मन्दिर परिसर देवढोकामा इन्द्रायणी परिवार क्लबले लायन्स क्लब अफ कीर्तिपुरसंगको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गऱ्यो।

मंसिर १८ गते विहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्म केन्द्रिय रक्तसंचार केन्द्र, प्रदर्शनीमार्गको प्राविधिक सहयोगमा सम्पन्न भएको उक्त रक्तदान कार्यक्रममा क्लबका अध्यक्ष सुरेन्द्र महर्जन, कार्यक्रमका संयोजक केशव महर्जन लगायत क्लबका पदाधिकारी, सदस्य लगायत ३८ जनाको सहभागिता रहेको थियो।

स्मरणीय छ कीर्तिपुर देवढोकास्थित इन्द्रायणी क्लबले विविध खेलकुद प्रतियोगिता, हरेक महिनाको अन्तिम शनिवार ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, भिन्तुना मोटरसाइकल च्याली गर्दै आइरहेका छन । यो रक्तदान कार्यक्रम पनि उक्त क्लबको सक्रियताको निरन्तरता मान्न सकिन्छ।

नेपाल मानव अधिकार संगठन कीर्तिपुरको रक्तदान

जाडो महिना सुरु भए लगतै कीर्तिपुरमा क्रियाशील विभिन्न सामाजिक संस्थाले रक्तदान कार्यक्रम गर्न थालेका छन । गत १८ गते इन्द्रायणी क्लब कीर्तिपुरले देवढोकामा रक्तदान कार्यक्रम सम्पन्न गरिसकेको छ भने यहि मंसिर २४ गते शनिवार नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाले पनि रक्तदान कार्यक्रम गर्ने भएको छ।

विहान ९ बजेदेखि ३ बजेसम्म नयाबजारस्थित कृष्ण क्याटरिंग हलमा रक्तदान कार्यक्रम हुने जानकारी नेपाल मानव अधिकार संगठन कीर्तिपुरका अध्यक्ष शोभा महर्जन (नानी) ले जानकारी दिनु भएको छ। साथै उक्त कार्यक्रममा आफ्नो अमूल्य रक्तदान गर्नुभै पुण्य कमाउनु हुन सम्पूर्ण महानुभावहरूमा अनुरोध पनि गर्नु भएको थियो।

यूरो -२०१२को "ड्र" सम्पन्न



नवीन महर्जन

गत शुक्रवार राती यूरो - २०१२ को खेल तालिका सार्वजनिक कार्यक्रम सम्पन्न भएको छ । यस यूरो फुटबल खेल-२०१२को ड्र अनुसार जून ८ बाट शुरु हुने उक्त प्रतियोगिताको पहिलो अर्थात् उद्घाटन खेल सहआयोजक पोल्याण्ड र ग्रीस विचको खेलबाट हुने भएको छ। यो यूरो फुटबल २०१२ पोल्याण्ड र युक्रेनले संयुक्त रुपमा आयोजना गरिदै छ।

विश्वकप फुटबल पछि चर्चित यो यूरोकप २०१२को समूह 'क' मा चेकगणतन्त्र, ग्रिस, रुस र पोल्याण्ड परेको छ भने युरोपका चर्चित टिमहरू नेदरल्याण्ड, जर्मनी, डेनमार्क र पोर्चुगल समूह 'ख'मा परेको छ ।यो समूह 'ख' लाई सबभन्दा कठिन समूहको रुपमा लिइएको छ जस्ले गर्दा 'ग्रुप अफ डेथ' संज्ञा दिइएको छ । यस ड्र अन्तर्गत समूह 'ग' मा स्पेन, इटाली, आयरल्याण्ड र क्रोसिया परेको छ भने सपूह 'घ' मा फ्रान्स, इङ्गल्याण्ड, स्विडेन र युक्रेन पर ेको छ ।

यो प्रतियोगिता लिगकम नकआउटको आधारमा खेल हुने जनाइएको छ। प्रत्येक समूहको विजेता र उपविजेता टिक नकआउट चरणको लागि छनौट हुने छ । यूरोकपको छनौट प्रतियोगिता अनुसार यो प्रतियोगितामा जर्मन र पोर्चुगललाई बलियो टिमको रुपमा रोजेको छ तर यसै समूहमा विश्वकप फुटबलका उपविजेता नेदरल्याण्ड र डार्क हर्स मानिने डेनमार्क रहेकोले यो समूह 'ख' बाट कुनकुन टिम नकआउट चरणमा पुग्छ भनेर अडकल गर्न कठिन परेको छ।


त्यसैगरी यो प्रतियोगितामा सन २००८ को विश्वकप विजेता एवं यूरोपियन च्याम्पियन अर्को शक्तिशाली टिम स्पेन तथा अर्को चर्चित टिम इटाली रहेको समूह 'ग' को खेल पनि उतिकै र ोमाञ्चक हुने अपेक्षा गरेको छ त्यसैगरी समूह 'घ' मा परेको चर्चित टिम फ्रान्स र इङ्गल्याण्ड विचको खेल पनि समूह चरणमा नै हुने भएको छ। तसर्थ समग्रमा हेर्दा यो प्रतियोगिता समूह चरणदेखिनै निकै प्रतिस्पर्धात्मक हुने देखिएको छ।

साफ च्याम्पियनमा नेपाल सेमिफाइनलमा प्रवेश गर्न सफल

भारतको नयाँदिल्लीमा संचालन भैरहेको साफ फुटबल च्याम्पियनशीप २०११ अन्तर्गतको खेलमा नेपालले आफ्नो समूह खेलको पहिलो खेलमा माल्दिभ्ससँग निकै आकर्षक खेल खेल्दै १-१ को बराबरी खेल खेल्न सफल भएको छ । नेपालको लागि बेलायती प्रशिक्षक ग्राइम रोबर्ट्सको प्रशिक्षणले नेपालले यस प्रतियोगितामा पनि सुजबुझ तरिकाले उत्कृष्ट प्रदर्शन गरी राखेको छ । समूह 'ख' को अन्तर्गतको नेपालको दोस्रो खेल गत मंसिर १८ गते वंगलादेशसँग खेलेको थियो। यस खेलमा इन्जुर समयमा नेपालका कप्तान सागर थापाले दिलाएको उत्कृष्ट फ्रीकिक गोलमा परिवर्तन भई नेपाल १-० गोलले जित हासिल गर्न सकेको थियो । यस खेलमा पनि नेपालले उत्कृष्ट खेल खेलेको थियो ।

नेपालको खेल हेर्दा मिडफिल्डर डिफेन्स निकै आकर्षक देखिएको छ तर फिनिसिंग अझ पनि सुधार गर्नु पर्ने देखिएको छ । स्मरणरहोस नेपालको लागि माल्दिभ्स विरुद्ध सन्दिप राईले गोल गरेको थियो । यो खेलमा स्ट्राइकरहरूको प्रदर्शनमा अझ सुधार गर्नु पर्ने देखिएको छ । नेपालले आफ्नो अन्तिम लिग खेल पाकिस्तानसँग खेलेको थियो । जसमा नेपालले ३७ औं मिनेटमा एक गोल गर्न सफल भएको थियो । तर पछि पेनाल्टी किकमा पाकिस्तानले गोल फर्कायो । १-१ को बराबरीमा खेल सकिए पनि नेपाल अंकको आधारमा सेमिफाइनलमा प्रवेश गर्न सफल भयो।

पुरुटवलमा नेपालको हालको स्थिति हेर्दा पहिलेभन्दा सुधार उन्मुख देखिएको छ। यसै क्रमलाई जारी गरेमा नेपालले आउँदा दिनहरूमा अझ राम्रो प्रदर्शन गर्नेमा दुईमत छैन ।



नगाउँका कम्यूनिष्ट धरोहरको देहावसान



ने.सं.१०३५ कछला गा पारुको कीर्तिपुरको नगाउँमा जन्मनु भएका पानवहादुर महर्जनको ९८ वर्षको उमेरमा ने.सं.११३२ थिंलाथ्व षष्ठी अर्थात २०६८ मंसिर १५ गते उहाँको निवास नगाउँमै साँझ ४ बजे यस धरतिबाट विदा हुनुभयो।


निरंकुश राणा विरोधि आन्दोलनमा वि.सं.२००६ सालदेखिनै उहाँले पनि सक्रिय भाग लिनुभयो। उहाँले पुष्पलाल श्रेष्ठ, शम्भुराम श्रेष्ठलाई आफ्नो घरमा राखेर पुलिसबाट गिरफ्तार हुन बचाउनु भएको थियो। पुष्पलाललाई पुलिसले खोजिरहेको बेला उहाँले आधारातमा पुष्पलाललाई पैदलै दक्षिणकाली बाटो हुँदै भिमफेदि पुऱ्याउनु भएको थियो। प्रजातन्त्रको उदयपछि कांग्रेसको विगविगी बढेको बेला किसान संघ खोलेर त्यस्को अध्यक्ष पनि बन्नुभयो। नगाउँको पद्मबहादुर महर्जन, राम महर्जन, कोमल महर्जन उहाँका सहयोगीहरू हुनुहुन्थ्यो। त्यस्तै पाँगाका लोकबहादुर, रामचन्द्र, गणेशबहादुर, गोविन्द र हरि गोविन्द सबै उहाँका साथिहरू हुन। निरंकुश राणा विरोधि आन्दोलनदेखि आजसम्म राष्ट्रियता, जनजिविका र जनतन्त्रका सवालमा उहाँले निर न्तर रुपमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै अन्तर्राष्ट्रिय वृद्ध वर्ष १९९९ मा पुष्पलाल स्मृति प्रतिष्ठानले उहाँको सम्मान गरिएको थियो।

तीनचोटिसम्म भिमरथारोहण सकिएपछि मानिस देवता बन्छ भन्ने हाम्रो परम्परा रहि आएको छ। ९७ वर्ष पुरा गरिसक्नु भएका उहाँले आफ्नो मृत्युको झलक पाइसक्नु भएको थियो। त्यसैले त ३ हप्ता पहिलेनै आफ्नो छोरीलाई यसपाली तिमीहरूलाई जात्रा मनाउन दिन्न भन्नुभएको थियो रे। नभन्दै जात्राको छ्वय्ला भू को एकदिन अगाडि उहाँले हामीबाट विदा लिनु भयो। उहाँको जेठो नाती धर्म महर्जनलाई पनि त्यस दिन एकछिन बस भन्दै पसलमा जानबाट रोक्नु भयो। उहाँले त्यसदिन विहान उहाँको कोठाको उत्तरतिरको भित्तामा टाँगिर खेको पुष्पलाल र प्रचण्डको तस्वीर अगाडि उभिएर हात हल्लाई बाई बाई गरिरहनु भएको उहाँको छोराले देख्नु भएको थियो। उहाँले यस धर तिबाट विदा हुनु २ मिनेट अगाडि उहाँले लगाई राख्नु भएको ऊनीको मोजा फुकाल्नु भएको थियो। हाम्रो परंपरा अनुसार देहत्याग गर्नेबेलामा ऊनीको वस्तु शरीरमा हुनु हुँदैन भन्ने धारणा अनुसार उहाँले त्यो मोजा पनि फुकाल्नु भएको होला।

त्यस्तै त्यही दिन तल छिंडिमा पानी नपोखाउनु गिलो हुन्छ भन्नुभएको थियो रे। पानी आयोभने गिलो हुन्छ। पानी थाप्ने ठाउँमा गिलो भएर के भयो र ? भन्दा मलाई पराल बिछ्याउने बेलामा भिज्छ भन्नुभएको थियो।

उहाँले पहिलेदेखिनै आफ्नो दाहसंस्कार पशुपतिको आर्यघाटमा गर्नु भने बमोजिम उहाँको अन्तिम दाहसंस्कार पशुपति आर्यघाटमा गरिएको थियो।

समवेदना



हाम्रा शुभ चिन्तक धर्म महर्जनका हजूरबा **पानवहादुर बा**को यहि २०६८ मंसिर १५ गते ९८ वर्षको उमेरमा निधन भएकोमा यस दुःखद घडिमा सपरिवारमा धैर्य धारण गर्न सकोस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं



हाम्रा शुभ चिन्तक तेजमान बज्राचार्यज्यूको पुजनीय बुबा **टेक बहादुर बज्राचार्य**को ९० वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोमा शोकसन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

कीर्तिपुर सन्देश साप्ताहिक परिवार

थुनुवाको डायरी–२१-



२०६७/०७/१० बुधवार

आजकल मलाई खूब निन्द्रा लाग्छ। आज राती दुईचोटि पिशाव गर्नु पऱ्यो। ४ बजे फेरि पिशाव गरेर आएँ। यति चाँडै उठेर के गर्ने भनेर फेरि सुतें। ५३० बजे नम्बर खुलेपछि मात्र निन्द्रा खुल्यो। नित्यकर्म गरें। मर्निंग वाक गरें। आज पुरी खाने भनेर होटलमा गएको त आलु परोठा बनाएको रहेछ। आफूले खानु हुँदैन। त्यसैले चिया मात्र खाएर आएँ। आज ओमशान्तिमा भाइजी आउनु भएन होला माईकले जानकार ो दिएन। बाहिरै साथीहरूसँग गफ गरि बसें। एक छिन पछि दाह्री काटें।

खाना खाएर पुस्तकालयमा पत्रिका पढ्न गएँ। पत्रिका पढिरहेको बेला माईकबाट मेरो नाम बोलायो। को आएको होला भनेर गएको त मेरो बाल्यकालदेखिको साथी र ामकृष्ण दुवाल जो अहिले सांगित तथा नाट्य प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुनुहुन्छ। भेटघाटमा गएँ। सञ्चो विसञ्चोको कुराकानी भयो। ऊ पनि ०३२ सालमा व्यवस्थाको विरोध गर्दा यो भद्रवन्दी गृहमा बसिसक्नु भएको थियो। त्यतिबेला यो ठाउँलाई भद्रगोल जेल भनिन्थ्यो। अहिले भित्र कस्तो छ भनेर सोध्नुभयो। मैले सबै कुरो बताउँदा उहाँ छक्क पर्नुभयो।

कुरैकुराको सिलसिलामा उहाँले भन्यो, "भ्वाईस अफ चिल्ड्रेनमा कुरा गर्न गएको थिएँ। उनीहरूले त बच्चाहरू जिम्मा लिनु भनेको थियो। हामीले ती बच्चाहरू जिम्मा लिने त के अब हामी संस्थानै बन्द गर्छौं। यस्ता अनाथ, असहाय र टुहुरा भन्ने कुनै पनि बच्चाहरूलाई सहयोगनै नगर्ने भएर आएँ। अहिले बद्रीलाल कतार गैसक्यो। उसले त्यहाँ डा. डंगोललाई सबै कुरो सम्झाउने छ।"

मैले भित्रबाट चिया मगाएँ। चिया खाँदै गफ गरिरहें।

"मेरो विरुद्ध तीनवटा संस्थाहरू लागेका छन। भ्वाईस अफ चिल्ड्रेन, सिविन र सिविस लागेका छन।"

"सिविन त गौरी प्रधानको हो। उहाँलाई म सम्झाई दिन्छु।"

यसरी दुवालजीसँग निकैबेर कुराकानी गरेर छुट्टिएर आएँ। त्यसको एकैछिनमा फेरि माईकबाट मेरो नाम बोलायो। साथी कुलवहादुर आएको रहेछ। ऊसँग पनि कुर ाकानी भयो।

"म जेल परेको बारे गाउँमा के प्रतिकृया छ ?" मैले कुलवहादुरसँग सोधें।

"मिश्रित प्रतिकृया छ। हामी आजसम्म आफ्नो खल्तीबाट खर्च गरेर समाज सेवा गरिरहेका छौं। अरूहरू पैसा नआउने ठाउँमा पाइला नटेक्नेहरूले खान नपाए काम गर्छ र ? भन्छन।"

ऊ सँग पनि धेरैबेर कुराकानी गरेर छुट्टिएर आएँ।

२०६७/०७/११ बिहिवार

आज रातभरमा तीनचोटि पिशाव गर्नुभ्यो। अस्ति डाक्टर देखाउँदा ब्लड प्रेशर लो छ पानी बेस्सरी पिउनु भ्रोल पदार्थ खानु भनेकेले मैले भ्रोल पदार्थ र पानी अलि बढी पिएको थिएँ। त्यसैले पिशाव बढी लागेको होला। डायबिटिज र ोगीको किड्नी खराब हुन सक्छ भन्ने सुनेकेखि अलि बढी पिशाव लाग्यो कि किड्नी बिग्रो कि भन्ने चिन्ता हुन्छ।

सधैंझै खाना खाएर म पुस्तकालयमा बसेर पत्रिका पढिरहेको थिएँ। माईकबाट मेर ो नाम बोलायो। को आएको होला भनेर गेबटमा गएको त वकिल मदन रेग्मी, भान्जा नरेन्द्र र छोरा आएका रहेछन। पुनरावेदन अदालत १७ नं.मा जान मलाई सही गराउन आएका रहेछन।

"म बाहिर आउन पाउने हो कि होइन ?" मैले वकिलसँग सोधें।

"धन्दा नमान्नुस। तपाईं छुट्ने धेरै आधार हरू छन। तपाईंलाई पुर्पक्षमा नै नपठाउनु पर्ने हो ।१७ नं.बाट साधारण तारिखमा छुडाएर लैजान्छु ।" वकिलले विश्वासका साथ भन्नुभयो।

"बच्चाहरूलाई स्कुल पठाएको छ कि छैन ? के छ खवर ?" मैले छोरासँग सोधें।

"कहाँ स्कुल पठाउने ? उनीहरूले त तपाईंभन्दा बढि सास्ति भोगिरहेका छन। उनीहरूलाई त एउटा केटामा थुनिराखेका छन। कसैसँग भेट्न दिएको छैन न कहिं बाहिर जान दिन्छ।" छोराले भन्यो।

"मामालाई ती बच्चाहरूको त्यत्रो पीर किन ?" भान्जा नरेन्द्रले भन्यो, "मामाले जिन्दगीभर खालि अर्काको भलाईको लागि मात्र काम गर्नुभयो। अर्काको भलाईहेर्दहेर्दै आज आफै यस्तो ठाउँमा आएर बस्नु परिरहेको छ। अब त्यो समाजसेवा छाड्नुस्"

वकिलले त्याएको कागजमा सहिछाप गरि दिएँ। उनीहरू गए।

म आफ्नो बेडमा आइ पल्टिएँ। मेरो मन साह्रै गोलमाल भयो। बच्चाहरूले स्कुल जान नपाएको कुरा सुनेर मेरो मनमा तर्कलिफ भयो। अब उनीहरूको पढाई बिग्रने भयो। जेलमा बस्नु पेर्‍ा मेरो नाम गयो। एकछिनको रिसले चार जनाको जीवन वर्वाद भयो। मेरो त के बुढो मान्छे। अस्ताउँदो सूर्य कतिबेर चम्किएला ? उनीहरू त उदाउँदो सूर्य कालो बादलले ढाकेपछि के उज्यालो हुन्छ। यस्तै सोचिरहेको बेला मेरो सोचलाई बदल्ने गरी फेरि माईकबाट मेरो नाम बोलायो। म ढोकामा गएँ ज्वाई जनक एक्लै आएको रहेछ। शोभा सौहार्दलाई कस्तो छ भनेर सोधें।

"शोभा पनि आऊँछु भनेकी थिइ। बाबु विर ामी भएर आउन पाइन। म एक्लै भएपनि काकालाई भेट्न आएको। तपाईंलाई कस्तो छ ?"

"अब १७ नं पुनरावेदनमा जान कागजमा सहि गरि सकें। अनि गाउँघरमा मेरो बारे के चर्चा छ ?"

"तपाईं निर्दोष हुनुहुन्छ भन्नेमा हामी विश्वस्त छौं। यस्तो समाजसेवक मान्छेले त्यस्तो काम गर्दैन। धर्म गर्न खोज्दा पाप लाग्यो भन्नेहरू पनि छन। फेरि जवरजस्ती नगरेको भए केटीहरू ले गऱ्यो भन्ला र भन्नेहरू पनि छन।"

"होइन जनक, हाम्रो गाउँका मान्छेहरूले मेरो मुद्दाको बारेमा राम्ररी थाहा पाएको छैन जस्तो लाग्छ। मैले त करणी गऱ्यो भनेको छैन। मलाई फसाउन करणी उद्योग भन्ने झुठो आरोपमात्र लगाएका हुन।"

"त्यो त हो। अहिले धेरैजनाले कुरा बुझिसकेका छन। धेरैले भन्छन त्यस्ता खाते केटीहरूलाई मान्छे बनाउन खोज्दा आफै बदनाम भयो।"

निकैबेर गफ गरेर छुट्टिएर आएँ। एकछिन पछि फेरि मेरो नाम बोलायो। ढोकामा गएर हेरेको त भान्जी रचना र उनको छोरी रश्मि आएका रहेछन। भेट्न गएँ। सञ्चो विसञ्चोको कुराकानी भयो। बाहिरभन्दा म हृष्टपुष्ट भएको देखेर उनले सन्तोषको सास फेरिन। मलाई अपराधी मान्न उनी तयार छैनन्। मलाई फसाइएको हो भन्नेमा उनी पनि विश्वस्त रहिछिन। उनले पनि आइन्दा त्यस्तो दुःख पाएका अनाथ भनेर कसैलाई माया नगर्न अनुरोध गरिन। डलरधारी संस्थाहरूले मानिसहरू लाई फसाएर मुद्दा लड्ने नाममा डलर कमाउने मेसो हो भनिन। हेर्दाखेरि साह्रै सोझीजस्ती भए पनि कुरा त निकै गहकिला गर्दा रहेछन। आखिर पत्रकारिता क्षेत्रमा काम गरिरहेकी न हुन्।

उनीसित छुट्टिएर आएको एकछिन पछि फेरि माईकबाट मेरो नाम बोलायो। म गेटतिर गएँ। मन्दिर प्रांगणमा बसिरहेका साथीहरूले भने, "ओहो ! आज त तपाईलाई भेट्न कति आएको ? माईकले बोलाएको बोलाएकै छ।"

"अँ" भनेर म गेटमा गएँ। बाहिर हेर ेको त ज्वजलपा पत्रिका लिएर जितेन्द्र आएको रहेछ। ऊसँग कुराकानी भयो।

"ज्वजलपाको प्रकाशक तपाईं थुनुवामा पर्नुभयो त्यसैले पत्रिका बन्द गर भनेर धेर ै जनाले सल्लाह दिइरहेका छन के गर्ने ?" जितेन्द्रले गुनासो राख्यो।

"म थुनुवामा परेर के भयो ? प्रकाशकले त पत्रिका निकाल्ने व्यवस्थामात्र गर्ने त हो। पैसाको व्यवस्था म गरिदिन्छु।"

"भोलि कानूनी अड्चन आयो भने के गर्ने ? भनेर लेख दिनेले लेख पनि दिएन। विज्ञापन दिनेले विज्ञापन पनि दिएन।"

जितेन्द्रले मलाई ज्वजलपा पत्रिका देखायो। पत्रिकामा एउटा पनि विज्ञापन छैन। विज्ञापन नभैकन पत्रिका कसरी चल्छ ? अनि मैले भनें, "म कैदी होइन, थुनुवामात्र हुँ। तैपनि ज्वजलपाको नामबाट प्रकाशित गर्न अप्ठ्यारो लाग्छ भने बन्द गरि देउ। तिमीहरूनै प्रकाशक भएर न्हुगु ज्वजलपा नामबाट प्रकाशित गर।" अनि अरू विषयमा कुराकानी भयो। अन्तमा मैले भनें, "कीर्तिपुर जस्तो नेवारहरूको बाहुल्यता भएको पुरानो शहरमा एउटा पनि नेपालभाषाको पत्रिका भएन भने हामी कीर्तिपुरेको इज्जत जान्छ।"

"नेवारहरूले नै नेपालभाषा पत्रिकाको विरोध गर्छन।" जितेन्द्रले निराशभावमा भन्यो।

"हामी नेवारहरूमा राजनैतिक चेतना छैन। त्यसैले हामीमा आफ्नो जाती, भाषा र संस्कृतिप्रति त्यति सचेत छैनौं। हामी स्वाभिमान छैनौं। त्यसैले त हामी नेवारहरू सबै क्षेत्रमा सम्पन्न भइकन पन झन झन कमजोर हुँदै गइरहेका छौं। ठिकै छ, म भित्र छु साथीहरूसँग सल्लाह गरेर जे गर्नु पर्छ गर।"

"न्हुगु ज्वजलपा निकालें भने आइतवार निकालुंला।" भनेर जितेन्द्र गयो। म भित्र आएँ।

उसको कुरा सुनेर मेरो मन खिन्न भयो। देशमा भएका ठूल ठूला जनआन्दोलनमा कीर्तिपुरे हरूको ठूलो योगदान छ। तर आफ्नै जाती, भाषा साहित्य उत्थानको लागि अलिकति पनि योगदान छैन। नेतृत्व लिन कोही तयार छैनन्। कतिन्जेल अर्काको लागि काँध थापेर भऱ्यांगमात्र बनिरहने ? कीर्तिपुरे जनतालाई राजनैतिक चेतना दिउँ भनेर मैले आफ्नै पहलमा आफ्नै खर्चमा ज्वजलपा पत्रिका निकालें। आज म थुनुमा पर्ने बित्तिक्कै बन्द हुने स्थिति आयो। न्हूगु ज्वजलपा प्रकाशित गरे पनि दिगो हुनसक्छ कि सक्दैन शंकै लाग्छ।

यस्तै मनमा कुरा खेलाउँदै म चाँडै सुतें। क्रमश

.....

चम्पादेवी हाइकिंग मंसिर २८ गते हुने

कीर्तिपुर क्षेत्र पर्यटन विकास समाज कीर्तिपुरले यहि मंसिर २४ गते शनिवार चम्पादेवी (धिनाच्च) हाइकिंग कार्यक्रम गर्ने भनिएकोमा प्राविधिक कारणले उक्त दिन कार्यक्रम नहुने जानकारी अध्यक्ष विजय महर्जनले दिनुभयो। उक्त कार्यक्रम मंसिर २८ गते बुधवारको दिन हुने भएको छ।

कीर्तिपुर क्षेत्रलाई पर्यटनको केन्द्रविन्दु बनाउने र आन्तरिक पर्यटकलाई समेत आकृशित गर्न सो कार्यक्रम आयोजना गर्न लागेको हो।

समाजले चम्पादेवीमा हाइकिंग गर्न चाहनेहरूलाई पनि सहभागीका लागि अनुरोध गरिएको छ। सो कार्यक्रमको क्रममा बोसन, चम्पादेवी हुदै फर्पिङ सम्म पैदल यात्रा गर्ने कार्यक्रम रहेको छ। चम्पादेवी समुद्री सतहबाट करिव २५ सय मिटर उचाइमा रहो छ। परापूर्वकालमा काठमाण्डौं उपत्यका वस्तीयोग्य हुनपुर्व नै पार्वतीले एक दिन दुइ



फोटोः अनलाईन कीर्तिपुर

घैला पानी बोकी ल्याई आराम गरेको स्थाल भएकोले यसमा धार्मिक महत्व पनि भएको जन विश्वास रेहो छ।

सो स्थानवाट काठमाण्डौं उपत्यका लगायत मकवानपुर, नुवाकोट तथा तराईका केही भुभाग, उत्तर पूर्वी भागमा अवस्थित महत्वपूर्ण हिमाललाई समेत अवलोकन गर्न सकिने आयोजकहरूले वताएका छन्।

सुहाना क्याटरिङ सर्भिस

ट्याङ्ला, कीर्तिपुर

नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस्।

Buffet Dinners Luncheons, B.B.Q.S etc

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 4334477

+2 उत्तीण विद्यार्थीहरूलाई हार्दिक बधाई !

मंगल बहुमुखी क्याम्पस मा

B. B. S र B. ED. मा नयाँ भर्ना खुल्यो !

छात्रवृत्ति

नेपाल संवत् ११३२ को अवसरमा पहिला भर्ना हुने १० जना विद्यार्थीहरूलाई भर्ना र मासिक शुल्कमा ५० प्रतिशत छात्रवृत्ति।

– +2 तहमा ७५ प्रतिशत र ६५ प्रतिशत ल्याउने विद्यार्थीहरूलाई क्रमशः १०० प्रतिशत र ५० प्रतिशत छात्रवृत्ति।

– त्रैमासिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीहरूलाई छात्रवृत्ति।

– दुर्गमबाट आएका विद्यार्थीहरूलाई विशेष व्यवस्था।

सम्पर्क

मंगल बहुमुखी क्याम्पस

कीर्तिपुर ३ नयाँबजार

फोन नं. ४३३०५४४

email:mangalhss@yahoo.com

युवा र स्वरोजगार

ब्यंग सन्देश

हरिप्रसाद महर्जन

युवाहरू हो, यो देश तिमीहरूको हो, हाम्रो पनि हो, तर अन्तिममा तिमीहरूकै हो। यो भनाई चिनिया कम्युनिष्ट पार्टीका सर्वहारा नेता क. माओत्सेतुङको हो। उहाँले आफू बुढेसकालले छुँदै अवस्थामा कुनै एउटा कार्यक्रममा युवाहरूलाई सम्वोधन गर्ने क्रममा यो अभिव्यक्ति दिएका थिए। युवा भनेका चम्किला सूर्य जतिकै हुन जसले सारा अन्धकारलाई हटाई, सारा मानवजाति र धर तिलाई नै आवश्यक उर्जा प्रदान गरिरहेको हुन्छ। युवा भनेका देशको उर्जा हुन, जसलाई राम्रो सदुपयोग गर्ने हो भने देश विकासमा पनि द्रुतगति आउने छ। आजभोलि युवा र स्वराजगार सम्बन्धि धेरै चर्चाको विषय बनेको छ। ठाउँ ठाउँमा कोष बाँडेको छ। युवा स्वरोजगार बनाउने कार्यक्रम बनाएको छ रे। युवाहरूलाई खेती गराउने योजना बनाएको छ रे। पशुपालन गराउने गोठाला बनाउने कार्यक्रम निर्माण भएको छ रे। तर युवा स्वरोजगारमा भन्दा बढी विदेशमा पलाएन भैरहेका छन। त्यसको मूल कारण भनेको युवाहरूलाई आफ्नो योग्यता, क्षमताको सम्मान र रोजगार नहुनु नै हो।

आज हाम्रा हजारौं युवाहरू विकसित मुलुकदेखि विकासोन्मुख देशहरूमा समेत रोजगारका लागि पलाएन भैरहेका छन। अमेरिका, बेलायत, जर्मन, रुसदेखि अष्ट्रेलिया, मलेसिया, कतार, कुवेत, बहराइन आदिसम्म पुगेका छन। कोही कामको सिलसिलामा विदेश गएका छन भने कोही अध्ययनको सिलसिलामा। कोही पैसा कमाइ घर फर्केका छन त कोही जिउधन वर्वाद गरी फर्केका छन। कोही विदेशी नागरिक भइ स्थायी बसोबास समेत गरिसकेका छन, कोही स्थायी बसोबासी हुने क्रममा छन। त्यसैले त गैरआवासिय नेपालीहरूको ठूलै संगठन नेपालमा क्रियाशील छ। देशका युवाहरूलाई रोजगार दिनु भन्दा पनि विदेश पठाएर रेमिटान्स लिन पल्केका सरकारले युवा स्वरोजगारको स्वाङ मात्र पारेका रहेछन या यसोपनि भन्न सकिन्छ कि सतापक्षिय युवाहरू जो विदेश जान मानेका छैन। उनीहरूलाई देशमा राखेर रोजगार दिई आफ्नो कार्यकर्ता बनाई राख्न मात्र ल्याएको कार्यक्रम रहेछ। नत्र किन बिना प्रतिस्पर्धा आ-आफ्नो दलका कार्यकर्ताहरूले खोलिराखेका सहकारी संस्थाहरूलाई मात्र करोडौं रकम बाँडिन्छ, युवा तथा साना घरेलु युवा स्वरोजगार कोषले ?

आधुनिक योविज्ञान र प्रविधिको युगमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा आएका सामानहरूको उत्पादन र वितरण गर्न साना तथा घरेलु उद्योग रेडियो बनाउने, टेलिभिजन बनाउने, मोबाईल बनाउने, कम्प्युटर बनाउने, सफ्तवेयर बनाउने, विद्युतीय सामानहरू बनाउने लगायत अत्याधुनिक सामान उत्पादन गर्न तालिम दिने र रोजगार बनाउन पहल नगर्ने हो भने यो कोषको सदुपयोग हुने अवस्था देखेको छैन। विदेशमा जाने युबाहरूले जे काम पनि गर्न बाध्यता भएको अवस्था छ र नेपालमाभन्दा बढी पैसा जोगाउन सक्ने अवस्था छ रे। हुन त अव तपाईं देशमै सरकारसँग ऋण लिएर स्वरोजगार हुन सक्छौं तर तपाईंले सत्तापक्ष दलको सदस्यता देखाउनु पर्दछ। भन्दैछन् हिजो नेपाली कांग्रेसले गरीवसँग विश्वेश्वर जोडेर राष्ट्रको धनराशी आफ्ना कार्यकर्ता हरूलाई बाँडे रे। अब त पालो एमाओवादीको हो, आफ्नो कार्यकर्ताहरूलाई राज्यकोष बाँड्ने, अरू दलहरूले जस्तै आफ्नो दलले पनि सरकारको कोष किन लिन नपाउने ? यो कस्तो नयाँ नेपाल हो ? बुझ्न कठिन भएको छ रे।

हुन त राज्यले बजेट बनाउँदा नेपाल अधिराज्यको सबै क्षेत्रको विकास र जनजाती, बालबालिका, युवा, जेष्ठ नागरिक, महिला, दलित, असक्त अपाङ्ग, चेपाङ्ग आदिलाई लक्षित गरी बनाएको हुन्छ तर हिजो जो व्यक्ति टाठाबाठा थिए सामन्तहरूको चम्चा भएकाहरूले मात्र राज्यबाट सुविधा पाउँथे भने आज टाठाबाठा हैन, राजनीतिक दलका टाठाबाठा कार्यकर्ताहरूले मात्र सुविधा पाएका छन, जागिर भएका छन, स्वरोजगार हुने भएका छन। योजना पाएका छन। नयाँ नेपालको पुरानो चाला भएको छ। 'काला गए गोरा आएको छ' 'जुन जोगी आए पनि कानै चिरेका' परेको छ।

नयाँ जोगीले धेरै खरानी घसेको छ। सबै नेपालीले आफ्नो योग्यता, क्षमता अनुसार रोजगार पाउँछन् भन्नु 'आकाशको फल आँखा तरी मर' उखान जस्तै भएको टिप्पणी गर्ने गरेका छन। अब सबै युवाहरू जागृत हुन आवश्यक छ। भ्रष्टाचारको विरुद्धमा, राजनीतिक नेतृत्व लिनमा, युवा जोश र जागरणलाई सदुपयोग गर्न, युवा स्वरोजगार कोषको सदुपयोग गर्न गराउनको लागि, विदेश पलायन भएका युवाहरूको कथा व्यथा बुझ्नको लागि, युवाशक्तिलाई देश निर्माणमा लगाउन आवश्यक छ। भ्रष्टाचार मुक्त देश बनाउन सहयोग गर्नु छ।

काहुरास्ट नेपालको दुई दिने तालिम सम्पन्न


काहुरास्ट नेपाल काठमाडौं जिल्ला शाखाको आयोजनामा 'मानव अधिकार, शान्ति तथा नागरिक शिक्षा' विषयमा तालिम मंसिर १६ र १७ गते कीर्तिपुर हिलसाइड होटल एण्ड रिसोर्टमा सम्पन्न भयो।दुई दिने तालिम पछि काहुरास्ट नेपाल काठमाण्डौं शाखाको अध्यक्ष प्रा.डा.शिवशरण महर्जनको सभापतित्वमा समापन कार्यक्रम भएको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि माननीय शान्ति तथा पुननिर्माण मन्त्री सत्य पहाडीले तालिममा सहभागी सबैलाई प्रमाण पत्र वितरण गर्नु भएको थियो।

उक्त कार्यक्रम काहुरास्ट काठमाडौं शाखाका सचिव सोमराज तिम्सीनाले संचालन गर्नु भएको थियो। स्वागत मन्तव्य काठमाण्डौं शाखाका सचिवालय सदस्य शंकर कुमार खडकाले गर्नु भएको थियो।

काहुरास्ट नेपालका केन्द्रिय उपाध्यक्ष वासुदेव सिग्देलले मानव अधिकार तथा सामाजिक रुपान्तर अभियान (काहुरास्ट) नेपालको विविध कार्यक्रम तथा यसको उद्देश्य बारे स्पष्ट पार्नु भएको थियो। महासचिव हुकुम पोखरेलले तालिमको उद्देश्य बारे प्रष्ट पार्नु भएको थियो। उक्त तालिम कार्यक्रममा विभिन्न ११ वटा राजनैतिक दलका भातृ युवा संघ/संगठनहरूबाट ४५ जना सदस्यहरू सहभागी भएका थिए। तालिममा सहभागीहरूले उक्त तालिम धेरै उपयोगी भएको कुरा बताउनु भयो। उक्त तालिमको समापन समारोहलाई सम्बोधन गर्नेक्रममा माननीय मन्त्री सत्य पहाडीले यस्ता कार्यक्रमले देशलाई अग्रगमनमा लैजान र शान्ति स्थापनामा सहयोग पुग्ने विचार व्यक्त गर्दै सहभागीहरू र आयोजकहरूलाई धन्यवाद पनि दिनुभयो। उहाले देशका युवाहरू आवश्यक पर्दा युद्ध, आन्दोलनमा सहभागी मात्र बन्दैनन् शान्ति स्थापना गर्ने काममा पनि एक ठाउमा उपस्थित भई देशका राजनैतिक दलहरूलाई दवाव दिन समेत एक हुन सक्दा रहेछन भन्ने उदाहरण यस कार्यक्रमले दिएको विचार व्यक्त गर्नुभयो।



के तपाइंलाई मानव गतिविज्ञान (Kinesiology) बारे थाहा छ ?



डिआर महर्जन

मानिसको शारीरिक चालबारे अध्ययन गर्ने विज्ञानलाई मानव गति विज्ञान Kinesiology भनिन्छ। मानव गति विज्ञान (काइनेसियोलोजी)को अर्थलाई विश्लेषण गर्दा मानवशरीरको चाल वा गतिलाई ग्रिक भाषामा Kine र अङ्ग्रेजी भाषामा Movement वा Motion भन्न सकिन्छ भने अध्ययनलाई सोही बमोजिम ग्रीक र अंग्रेजी भाषाबाट क्रमश logos र Study भन्न सकिन्छ। जस्तै :

Kinesiology = Kines + logos or, Study of human movement = movement + study

मानव चालबारे अध्ययन . चाल + अध्ययन

मानव गतिविज्ञानबारे विद्वान्हरूले थरिथरिका मत दिएका छन्। तिनीहरूद्वारा व्यक्त गरिएका विचार तथा परिभाषालाई सोही बमोजिम यहाँ विश्लेषण गर्न सकिन्छ। संक्षेपमा मानवचालको अध्ययन मानवगति विज्ञान भनेता पनि हिपोक्रेटस (Hippocratus)ले वाह्य वातावरणका कारण शरीर र क्रियात्मक विज्ञान असर परी चालमा फरक आउने कुरा बताएका छन्। मानिसको आधारभूत चाल हिडाइ हो। उनकै अनुसार मानिसको हिडाइको गति गर्मिमा भन्दा जाडोमा छिटो हुन्छ। त्यसैगरी मांसपेशी भएकाहरू दुव्लापातलाका तुलनामा छिटो हिड्ने गर्दछन्। मानव चालको अध्ययनको सिलसिलामा यसलाई कसैले रोबोटको कार्यसूग पनि तुलना गरेका छन्। एलिजाबेथ गार्डनर (Elijabeth Gardner)ले मानिसले चाललाई रोबोट यन्त्रका हैसियतबाट अनुसन्धान गर्न सक्ने भनेको छन्। फिलिप जे रास (Philip J. Rash)ले भने मानव गतिलाई सबैप्रकार का यान्त्रिक पक्षहरूको अध्ययनबाट थाहा पाउन सक्ने बताएका छन्। डी बोरा ए उस्ट र चालर्स ए वुचर (Deborah A. Wuest and Chartes A. Bucvher)ले मानव गति विज्ञान (काइनेसियोलोजी)को विश्लेषण शरीर क्रिया विज्ञान र शरीर रचना विज्ञानको पार स्परिक सम्बन्धबाट प्राप्ती हुने तर्क अघि सारेका छन्। यसैगर ी डा. क्याथरिन एफ वेल्स (Dr. Katharine F. Wells)ले मानवगति विज्ञान भनेको भौतिक विज्ञानमा आधारित भएर अध्ययन विश्लेषण गर्ने भनेका छन्।

समग्रमा मानव गति विज्ञान भन्नाले मानवशरीरमा विभिन्न क्रियात्मक चालहरू शरीर क्रिया विज्ञान, रचना विज्ञान, मनोविज्ञान, जीवयान्त्रिक आदिको काम के, किन, कसर ी भनी अध्ययन गर्ने विज्ञान भनी बुझ्नु पर्दछ।

गत सोमवारदेखि लागू भएको लाडसेडिङको तालिका

समूह/बार	आईतबार	सोमबार	मंगलबार	बुधबार	बिहीबार	शुक्रबार	शनिबार
समूह-६	०७:००-०९:०० १७:००-२१:००	०८:००-१२:०० १९:००-२१:००	११:००-१४:०० २०:००-२२:००	०८:००-११:०० १७:००-२०:००	०५:००-०८:०० १४:००-१७:००	०५:००-०७:०० १६:००-१९:००	०५:३०-०८:०० १६:३०-२०:००
समूह-७	०५:३०-०८:०० १६:३०-२०:००	०७:००-०९:०० १७:००-२१:००	०८:००-१२:०० १९:००-२१:००	११:००-१४:०० २०:००-२२:००	०८:००-११:०० १७:००-२०:००	०५:००-०८:०० १४:००-१७:००	०५:००-०७:०० १६:००-१९:००

चम्पादेवी हाइकिंगको सूचना

नेपाल पर्यटन वर्ष २०११ को अवसरमा कीर्तिपुर क्षेत्र पर्यटन विकास समाजको आयोजनामा हुन गैरहेको चम्पादेवी (धिनाच्व) हाइकिंग यही २०६८ मंसिर २८ गते बुधवारका दिन हुने भएको हुँदा इच्छुक महानुभावले तलको फोन नं.मा सम्पर्क गर्नुहुन अनुरोध छ।

सम्पर्क फोन नं. ९८५१०५१२२४,

९८५१०४६९२१, ९८४१३०१३२९

कीर्तिपुर क्षेत्र पर्यटन विकास समाज

कीर्तिपुर

हार्दिक बधाई



यस कलेजका Account Teacher श्री देवेन्द्र प्रसाद पाठक 2011 Sep . मा ICAN वाट संचालित परिक्षामा सफलभई ऐतिहासिक रुपमा नेपालको प्रथम लेखा प्राविधिक (Account Technician) हुन सफल भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दैछौं।

सहिद स्मारक कलेज

कीर्तिपुर -३, नयाँबजार

फोन ४३३३९३७, ४३३०२७९

BA, BBS मा नयाँ भर्ना खुल्यो

कीर्तिपुरमा होमस्टे तालिम समाप्त


कीर्तिपुर सन्देश/

कीर्तिपुरको पर्यटकीय विकासको लागि कीर्तिपुरमा मंसिर ९ गतेदेखि सुरु भएको होमस्टे तालिम मंसिर ९ गते पर्यटन राज्यमन्त्री दिलीप महर्जनले तालिममा सहभागी सबैलाई प्रमाण पत्र वितरण गर्नु भै समापन गरिएको थियो ।

पर्यटन विकास समाज कीर्तिपुरका विजय महर्जनको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा यस तालिमबाट कीर्तिपुरको पर्यटन विकासमा ठूलो टेवा पुग्ने विश्वास प्रमुख अतिथि पर्यटन राज्यमन्त्रीले गर्नु भयो ।



उक्त तालिममा सहभागी कीर्तिपुर न.पा. वडा नं.५ कुतुभ्को टोलका गंगार ाम महर्जनसँग यस तालिमबाट के के ज्ञान प्राप्त भयो भनि सोध्दा उहाँले भन्नुभयो, "विदेशी पाहुनाहरू आउँदा कसर ी स्वागत सत्कार गर्ने भन्ने जानकारी प्राप्त भयो । विदेशी पाहुनाहरूलाई हाम्रो संस्कृति, रीतिरि वाज सम्बन्धि जानकारी दिने, उनीहरूको चाहना अनुसारको खाना बनाउने तालिम पनि प्राप्त भयो । यस तालिमले कीर्तिपुर क्षेत्रमा होम स्टे चलाउन सकिन्छ भन्ने आँट आएको छ ।"



त्यस्तै अर्का सहभागी बाबुराजा महर्जन जसले विगत आठ वर्ष कि.न.पा. वडा नं.१५ लनगोलमा होमस्टे चलाएर आइर हनु भएको थियो । उहाँसँग पनि यस तालिमबाट के ज्ञान हासिल गर्नुभयो भनि सोध्दा उहाँ भन्नुहुन्छ, "यस तालिमले मलाई होमस्टे चलाउन सुनमा सुगन्ध थपेकोजस्तो लाग्यो । प्राय: हामी होमस्टेमा आउने पाहुनाहरूलाई लोकल खाना ख्वाउने गर्थें यस तालिमले त्यतिमात्रले पुग्दैन उनीहरूले चाहेको खाना खुवाउनु पर्छ भन्ने ज्ञान प्राप्त भयो र ती खाना बनाउने तालिम पनि प्राप्त भयो । त्यस्तै पाहुनालाई स्वागत सत्कार र विदाई कसरी गर्ने नयाँ तरिका सिकें ।"



अर्का सहभागी कि.न.पा. ६ समल टोलका सिद्धिकुमार मानन्धरलाई तपाईं राजनैतिक व्यक्ति, सहकारी प्रमुख र महिला शिक्षा विकासमा लागिरहनु भएको व्यक्ति यस तालिम लिन आउनाको कारण के हो ? भनि सोध्दा उहाँ भन्नुहुन्छ – व्यावहारिक जीवन संचालनको लागि, कीर्तिपुर क्षेत्रमा होमस्टे सुरु गर्न सकिन्छ भन्ने लागेर आफैले पनि होमस्टे संचालन गर्ने सोचले तालिम लिन आएको हो ।"

यस तालिमबाट तपाईंले के अनुभव गर्नु भयो भन्ने प्रश्नमा उहाँले भन्नुभयो, "हामी दिनहुँ खाना खान्छौं, विछ्यौनामा सुल्छौं र घरको सर सफाई पनि गर्छौं ।

यस तालिमले खाना खाने तरिका, विछ्यौना लगाउने तरिका र सरसफाई सम्बन्धि राम्रो ज्ञान हासिल भयो । यस्तो तालिम हरेकले लिन जरुरी रहेको महसुस गरेको छु ।"

रक्तदानमा हार्दिक आमन्त्रण

६३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखाले २०६८ मंसीर २४ गते बृहत रक्तदान कार्यक्रमको आयोजना गर्ने भएकोले यस शाखाका साधारण सदस्य/सक्रिय सदस्य/सल्लाहाकार एवंम् शुभेच्छुकज्यूहरुलाई निम्न स्थान र समयमा उपस्थित हुनुभै सहभागिताका सौ रक्तदान गर्नुभै मावन सेवा गरीदिनु हुन यसै सूचनाद्वारा आमन्त्रण गरिन्छ

कार्यक्रम:

स्थान: कृष्ण क्याटरिङ, कीर्तिपुर

समय: विहान ९ बजेदेखि ३ बजे सम्म

आयोजक

नेपाल मानव अधिकार संगठन

कीर्तिपुर शाखा, कीर्तिपुर

हार्दिक समवेदना




नील: सांस्कृतिक पुच:का संस्थापक अध्यक्ष तथा ब्याण्ड म्यानेजर श्री तेजमान बज्राचार्यज्यूको पुजनीय बुबा **टेक बहादुर बज्राचार्य**को ९० वर्षको उमेरमा स्वर्गारोहण हुनु भएकोमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नील: सांस्कृतिक पुच: परिवार

कीर्तिपुर

हार्दिक समवेदना



हाम्रा मित्र तथा कीर्तिपुर नयाँबजार व्यवस्थापन समितिका अध्यक्ष धर्म महर्जन तथा भाइ चीनिकाजी महर्जनका हजूरबा तथा हाम्रा आदरणीय **पानवहादुर बा**को यहि २०६८ मंसिर १५ गते ९८ वर्षको उमेरमा निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै साथै यस दु:खद घडिमा सपरिवारमा धैर्य धारण गर्न सकोस भनि हार्दिक समवेदना व्यक्त गर्दछौं ।

रत्नवहादुर महर्जन

ध्रुब महर्जन

जनहित क्लिनिक तथा कीर्तिपुर मेडिकल हल

नयाँबजार, कीर्तिपुर